नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फोन नं. ०१-४२११२४५
इमेलः-nagarikta@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- ८४२०७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ६०6

नेपाल सरकार गृह मन्त्रालय

मितिः२०८२।१२।१५
ने.सं. ११४६

विषयः सेवा प्रवाह सम्बन्धमा।

**श्री जिल्ला प्रशासन कार्यालय (सबै)।**
**श्री इलाका प्रशासन कार्यालय (सबै)।**
**श्री सीमा प्रशासन कार्यालय (सबै)।**

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी कार्यसूचीमा उल्लेख भएका विविध विषयहरु कार्यान्वयनमा सम्बन्धमा तपसिलका विषयहरु कडाईका साथ कार्यान्वयन गर्न/गराउन आदेशानुसार अनुरोध छ।

**तपसिलः**

१. नागरिकलाई छिटो, सहज र बिचौलिया मुक्त सेवा उपलब्ध गर्ने/गराउने व्यवस्था कडाइका साथ लागु गर्ने र कार्यालयमा नागरिकहरुको अभिलेख भएका स्थानहरुमा कार्यालयका कर्मचारीहरु मात्र प्रवेश हुने व्यवस्था मिलाउने। साथै, कार्यालयको वरिपरि कार्यहरु सहजीकरण गरिदिने बहानामा विभिन्न व्यक्ति र संस्थाहरुबाट गैरकानूनी रुपमा सेवाग्राहीसँग लिइने शुल्कका बारेमा निरन्तर अनुगमन गर्ने।

२. सेवाग्राहीबाट पेश भएका सिफारिससहितका कागजात पेश गर्ने, सनाखत गर्ने, प्रमाणपत्र प्रिन्ट गरी अधिकारीबाट हस्ताक्षर गर्ने र प्रमाणपत्र वितरण गर्ने सेवा प्रदान गर्ने जस्ता कार्यहरु सम्भव भएसम्म एउटै कोठाबाट प्रदान गरी सहज रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने।

३. यस मन्त्रालयको च.नं. २१९, मिति २०८२/०६/३१ को पत्रबाट पत्राचार गरिएबमोजिम वडास्तरबाट नागरिकताको सिफारिस गर्दा अनलाईन प्रणालीमार्फत गर्ने/गराउने व्यवस्था कडाइका साथ लागु गर्ने।

४. सेवाग्राहीहरुबाट गुनासो प्राप्त गर्ने माध्यम सहज र सरल बनाउने र कार्यालयमा प्राप्त गुनासोहरुको समयमै संबोधन र समाधान गरी गुनासो फर्छ्यौट गरी सम्भव भएसम्म छुट्टै अभिलेख राख्ने व्यवस्था मिलाउने।

५. कार्यालयमा हुने भिडभाड व्यवस्थापन गर्न डिजिटल टोकन प्रणालीको प्रयोग अनिवार्य गर्ने।

६. पासपोर्ट, राष्ट्रिय परिचयपत्र लगायत अनलाइन फाराम भर्नुपर्ने सेवाहरु संभव भएसम्म कार्यालयमा नै भर्ने व्यवस्था मिलाउने।

८२।१२।१५
(अरुण राई)
शाखा अधिकृत